चैत १६, २०६९
हिमालय टाइम्स

# संविधानविद्को पुस्तक

**काठमाडौं ।** गत जेठ १४ गते संविधानसभाको अवसान र संविधानसभा किन असफल भयो, यसका कारणहरू केवल राजनीतिक थिए वा आर्थिक, सामाजिक, कूटनीतिक, परराष्ट्र मामिला या अरू थिए ? भन्ने प्रश्न अझै अनुत्तरित छन् ।

यस्तै सन्दर्भमा संविधानविद् डा. विपिन अधिकारीद्वारा लिखित 'नेपाल कन्स्टिच्युएट एसेम्बली इम्पास-कमेन्ट्स अन अ फेल्ड प्रोसेस' अर्थात् 'नेपालको संविधानसभाको गतिरोध : एउटा असफल प्रक्रियाका आलोचनाहरू' नामक पुस्तक पाठकमाझ आएको छ । अंग्रेजी भाषामा प्रकाशित उक्त पुस्तकमा यस्तै प्रश्नहरूका जवाफ खोजिएको छ । संविधानसभाका सन्दर्भमा यावत् प्रसंगहरूलाई गहन रूपमा केलाएर प्रस्तुत गरिएको यस पुस्तकलाई लेखक डा. अधिकारीले बिपी कोइरालामा समर्पित गरेका छन् ।

नेपाल कन्सल्टिङ लयर्स र इन्कद्वारा प्रकाशित २ सय ३६ पृष्ठको उक्त पुस्तक आठ परिच्छेदमा विभक्त गरिएको छ भने पुस्तक संविधानसभाका बारेमा जान्न खोज्नेहरूका लागि जानकारीमूलक र संग्रहणीय छ ।

